म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०२ | बिहीबार ८ मंसिर २०७९ | ने. सं. ११४३ थिंलाथ्य | 24 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं**

☞ जेष्ठ नागरिकलाई सम्मान गरौं,
☞ जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
☞ घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं।

सभ्यताको परिचय दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## मकवानपुरमा प्रनिनिधिसभा प्रदेशसभा निर्वाचन-२०७९

# प्रदेशतर्फ बानियाँ, श्रेष्ठ र मोक्तानको जीत

साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ मकवानपुरको दुई वटा प्रदेशसभा निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसका इन्द्रबहादुर बानियाँ र नेकपा एमालेबाट एकालाल श्रेष्ठ निर्वाचित भएका छन् ।

प्रतिनिधिसभा क्षेत्र नम्बर २ अन्तर्गत् प्रदेशसभा (ख)मा गठबन्धनबाट उम्मेदवार रहेका कांग्रेस बागमती प्रदेश सभापति समेत रहका बानियाँले एमालेका लालबहादुर थापालाई हराएका हुन् । बानियाँ लगातार तेस्रो पटक विजयी भएका हुन् । उनले थापालाई १ हजार ७ सय ८२ मतान्तरले पराजित गरे । बानियाँले १८ हजार ७ सय १६ मत ल्याएका छन् । थापाले १६ हजार ९ सय ३४ मत मात्रै पाए । प्रदेशसभा २ को (ख)मा कुल ४० हजार ५ सय ९९ मत खसेको थियो । बानियाँ अघिल्लो पटक यसै निर्वाचन क्षेत्रबाट एमालेका उम्मेदवारलाई पराजित गर्दै विजयी भएका थिए ।

यसैगरी प्रतिनिधिसभा क्षेत्र नम्बर १ अन्तर्गत् प्रदेशसभा (ख)मा एमालेका एकालाल श्रेष्ठले पहिलो प्रयासमै जीत हासिल गरेका छन् । नेकपा एमाले मकवानपुरका अध्यक्षसमेत रहेका श्रेष्ठले गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार आनन्दराम पराजुलीलाई ८ सय ६९ मतान्तरले पराजित गर्दै विजयी भएका हुन् । विजयी भएका श्रेष्ठले १४ हजार २ सय २५ मत पाए । पराजुलीले १३ हजार ३ सय ५६ मत पाएका छन् । मतगणनाको क्रममा कहिले पहिलो त कहिले दास्रो स्थान लिएका राप्रपाका उम्मेदवार गुञ्जन बहादुर न्यौपाने भने अन्तिम मतपरिणाम आउँदा तेस्रो स्थानमा रहे । न्यौपानेले ११ हजार ९ सय ४ं मत प्राप्त गरेका छन् । यसैगरी, श्रेष्ठले पहिलो पटकमै बाजी मारेका छन् ।

यसअघि पार्टी राजनीतिमा सक्रिय श्रेष्ठ पहिलो पटकको प्रयासमै बागमती प्रदेशसभा सदस्य पदमा विजयी भएका हुन् । उनी २०७८ पुसमा एमाले मकवानपुरको अध्यक्ष भएका थिए । प्रदेशसभा निर्वाचनमा विजयी भएपछि श्रेष्ठले हेटौंडाका नगरका सबै मतदाताप्रति आधार व्यक्त गरेका छन् । उनले नगर बासीको भावनाअनुसार प्रदेशसभामा रहेर काम गर्ने प्रतिबद्धता जनाए ।





यसैगरी प्रतिनिधिसभा क्षेत्र नम्बर २ अन्तर्गत् प्रदेशसभा (क)मा गठबन्धनबाट नेकपा माओवादी केन्द्रकी कुमारी मोक्तान विजयी भएकी छन् । बागमती प्रदेशको सामाजिक विकास मन्त्रीसमेत रहेकी उनले नेकपा एमालेका उम्मेदवार विष्णु ढकाललाई पराजित गरेकी हुन् । बागमती प्रदेशसभामा माओवादी केन्द्रको संसदीय दलको उपनेतासमेत रहेकी मोक्तानले ढकाललाई ३ सय २२ मतान्तरले मात्रै हराएकी हुन् । मतगणनाको सुरुवातदेखि नै मोक्तानलाई पछाडि पारेका ढकालले अन्तिम चरणको मतपरिणाममा हार व्यहोरे । मोक्तानले १९ हजार ८ सय ७३ मत ल्याइन् । एमालेका ढकालले १९ हजार ५ सय ५१ मत पाएका थिए । प्रदेशसभा (क)मा जम्मा ४६ हजार ५३ मत खसेको थियो ।

मोक्तान २०७४ को निर्वाचनमा प्रदेशसभा (क)बाट निर्वाचित भएकी थिइन् । त्यतिबेला उनलाई एमालेको साथ थियो । हाल मोक्तानले गठबन्धनको नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को समर्थन पाएकी थिइन् ।

**बानियाँ मुख्यमन्त्रीका दाबेदार**

संसदीय निर्वाचनमा निरन्तर सफल हुँदै आएका बानियाँ कांग्रेसका बागमती प्रदेशसभा संसदीय दलका नेतासमेत हुन् । अघिल्लो कार्यकालमा सत्तारुढ गठबन्धनभित्र लिखित सहमति भएपनि मुख्यमन्त्री बन्नबाट बञ्चित बनेका बानियाँ यसपटक गठबन्धन कायम रहे वा कांग्रेसको एकल बहुमत भएमा मुख्यमन्त्रीका दाबेदार हुन् । उनले चुनावी अभियानको क्रममा मुख्यमन्त्री बन्नका लागि आफू उम्मेदवार बनेको प्रतिक्रिया दिने गरेका थिए ।

बानियाँले आफ्नो क्षेत्रका बानियाँलाई धन्यवाद दिएका छन् । पत्रकारहरुसँग कुराकानी गर्दै बानियाँले आफुलाई निर्वाचित गराउन सहयोग गर्ने आम जनता, गठबन्धनका दल, नेता तथा कार्यकर्ताहरुलाई उनले धन्यवाद दिए ।

बानियाँले निर्वाचन सम्पन्न गराउन भूमिका निर्वाह गर्ने निर्वाचन समिति, सञ्चार जगत र सुरक्षा निकायलगायत सबैलाई धन्यवाद दिए । जनताको विश्वास माथि घात हुने गरी कुनैपनि गतिविधि नगर्ने बताउँदै उनले बागमती प्रदेशको विकासका लागि लागिपर्ने बताए । सदनको अघिल्लो कार्यकालमा हेटौंडालाई प्रदेशको राजधानी घोषणा गर्न उनको भूमिका महत्वपूर्ण रहेको थियो । बानियाँ निर्वाचित भएसँगै बागमती प्रदेशको मुख्यमन्त्री बन्ने ढोका खुलेको छ । निर्वाचित भएपछि सञ्चारकर्मीहरुसँग प्रतिक्रिया दिदै बानियाँले मुख्यमन्त्रीमा आृनो स्वभाविक दावी रहेको प्रतिक्रिया दिएका छन् ।

उनले अघिल्लो प्रदेश सभामा आफू संसदीय दलको नेताको भूमिकामा रहेको र अहिले प्रदेश सभापति रहेका कारण मुख्यमन्त्रीको स्वभाविक दावी र हने बताए । उनले गठबन्धन दलवीच सहमतिका आधारमा मुख्यमन्त्री चयन हुने बताए । बानियाँ यसअघि २०७० मा संविधान सभामा निर्वाचित भएका थिए । सहमति कार्यान्वयन भएको भए यति वेला बागमती प्रदेश सरकारको नेतृत्व बानियाँले गरिरहेका हुन्थे । तर लिखित रुपमा भएको सहमति पाँचदलीय सत्ता गठबन्धनले नै कार्यान्वयन नगरेपछि प्रदेशसभाको पहिलो कार्यकालमा प्रदेश सरकारको नेतृत्व गर्न बानियाँले पाएनन् ।

अब बानियाँ नेपाली कांग्रेसबाट बागमती प्रदेशको आगामी मुख्यमन्त्री बन्ने निश्चित भएको छ । कांग्रेस बागमती प्रदेश सभापति समेत रहेका बानियाँलाई मुख्यमन्त्री बनाउनकै लागि कांग्रेसले दोहोऱ्याएर प्रदेशको चुनावमा उतारेको चर्चा पनि छ । प्रदेशसभाको पहलिो कार्यकालमा साढे ३ वर्षसम्म एमालेका डोरमणि पौडेलले प्रदेश सरकारको नेतृत्व गरे। पछि राष्ट्रिय राजनीतिमा आएको हलचलले गर्दा एमालेको सरकार ढल्यो । कांग्रेस सहित प्रतिपक्षमा रहेका अन्य दलसँगै एमालेबाटै विभाजित नेकपा एकीकृत समाजवादीको नेतृत्वमा प्रदेश सरकार बन्यो ।

समाजवादीले बागमती सरकारको नेतृत्व लिँदा कांग्रेससँग आधा-आधा कार्यकाल नेतृत्व गर्ने सहमति गरेको थियो । समाजवादीका उपाध्यक्षसमेत रहेका हालका मुख्यमन्त्री राजेन्द्र पाण्डे र बानियाँले लिखित रुपमा नै प्रदेश सरकारको बाँकी रहेको कार्यकाल आधा-आधा नेतृत्व गर्ने सहमति गरेका थिए तर उक्त सहमति कार्यान्वयन गर्न पाण्डेले मानेनन् । जबरजस्ती गर्दा देशकै राष्ट्रिय राजनीतिमा असर पुग्ने भएपछि बानियाँले सहमति बिर्सिएर मुख्यमन्त्रीको दाबीबाट पछि हटे ।

निर्वाचनपछि पनि गठबन्धनको सरकार कायम रहने शीर्ष नेताहरुले दाबी गर्दै आएका छन् । दाबीअनुसार निर्वाचनपछि पनि गठबन्धनको सरकार गठन भए बागमती प्रदेश नेपाली कांग्रेसको भागमा पर्ने प्रबल सम्भावना छ । हाल समाजवादीले प्रदेशको नेतृत्व गरिरहेको र सहमतिअनुसार कांग्रेसले नेतृत्व गर्न पाउनुपर्ने भए पनि नपाएकाले आगामी सरकारको नेतृत्व कांग्रेसले पाउने चर्चा चल्न थालेको छ । यसको निर्णय भने गठबन्धनको शीर्ष तहबाट हुनेछ ।

**हार्दिक बधाई तथा शुभकामना**



२०७९ मंसिर ४ गते भएको आमनिर्वाचनमा मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ अन्तर्गत प्रदेशसभा (ख)बाट उम्मेदवार रहनु भएका हाम्रो आदरणीय दाजु तथा गौरवशाली पार्टी नेकपा एमाले मकवानपुरका अध्यक्ष **श्री एकालाल श्रेष्ठ**ज्यू बागमती प्रदेशसभा सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**सुनिल मोक्तान** (पार्टी जिल्ला सचिवालय सदस्य)
**मदन दाहाल** (पार्टी जिल्ला सचिवालय सदस्य)
**दिपक खड्का** (पार्टी जिल्ला सचिवालय सदस्य)
**सन्तोष चौलागाई** (पार्टी जिल्ला सदस्य)
**शिवहरि दाहाल** (पार्टी जिल्ला सदस्य)
**धरम लामा** (पार्टी जिल्ला सदस्य)
**नरेन्द्र भण्डारी** (पार्टी जिल्ला सदस्य)
**सानुकुमार लामा** (पार्टी जिल्ला सदस्य)
**किसन घिसिङ** (केन्द्रीय सचिवालय सदस्य अनेरास्ववियु)

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES

**BBS ADMISSION OPEN**



Hetauda-4, Makawanpur
info@hsm.edu.np
057524701, 057524711
9855074222
www.hsm.edu.np

**"कडा अनुशासन, स्तरीय शिक्षा"**

साझाकुरा

## हाम्रो कुरा

# शौचालयको उचित व्यवस्थापन

मानव मलमूत्र त्याग्ने स्थान शौचालय हो । यसका भाषगतरुपमा ट्वाइलेट, चर्पी, रेस्टरुमलगायत थुप्रै नाम छन् । शौचालय हरेक मानवलाई अपरिहार्य कुरा हो । तैपनि अत्यन्त फोहोर हुने ठाउँ जनाउनु पर्दा ट्वाइलेट जस्तो छ्या भन्ने चलन छ । जीवनका लागि अपरिहार्य अनि सरसफाइको पर्याय शौचालयलाई किन यति सारो घृणा अनि वितृष्णाका रूपमा हेरिएको हो भन्ने तर्कना कहिलेकाहीँ लाग्ने गर्दछ । नेपालका अधिकांश सहर या गाँउहरुमा व्यवस्थित शौचालयको सुविधा छैन । बाहिर निस्कन पर्दा एकफेर घरको शौचालयमा शौच अनि मूत्र खाली गरेर निस्कने हामीमध्ये धेरैको बानी छ । यसो गर्नाले बाटोमा अप्ठ्यारो पर्दैन भन्ने मान्यता छ । जनसेवा प्रदायक सरकारी कार्यालय, अस्पतालदेखि सिनेमा घरसम्म अधिकांश शौचालयहरू दुर्गन्धित हुने गरेको पाइन्छ । हाल आएर शपिङ्ग मललगायत ठाँउहरुमा भनें सुस्तरी शौचालय सभ्यता अनि सरसफाइ बढोत्तरी भएकै हो । विश्वले यसै शौचालय अनि यसको महत्वलाई सबैसामु उजागर गर्दै हरेक वर्ष नोभेम्बर १९ तारिखमा विश्व शौचालय दिवस मनाउँदछ । सन् २०३० सम्मको दीर्घकालीन विकास लक्ष्यमा संसारका हरेक बासिन्दालाई सरसफाइका श्रोत र सुविधाका साथ फालिने पानीलाई पुनर्उपयोग गर्ने श्रोत र संरचना पनि सुलभ बनाउने लक्ष्य रहेको छ । यसवर्षको विश्व शौचालय दिवसको नारा चाहिँ 'अदृश्यरूपमा रहेको शौचालयको महत्वलाई प्रकाशमा पारौँ' भन्ने हो ।

मानिसहरूले सभ्यताक्रमसँगै आफ्ना रहनसहन अनि सरसफाइका मापदण्ड दुरुस्त राख्न धेरै परिवर्तन र विकास गरेका छन् । ढुङ्गे युगबाट आजसम्म आइपुग्दा हाम्रो दिनचर्यासँग विभिन्न आनिवानी, चालचलन र अभ्यासहरू थपिँदै आएका छन् । शौचालय पनि तिनीमध्येको एक हो । सुरुसुरुमा खोलाका किनार, खेतबारी या पोखरीका डिलहरूमा शौच गर्ने मान्छेहरूले बिस्तारै एउटा छुट्टै सानो कोठा शौचालयको रूपमा प्रयोग गर्न थालेका हुन् । शौचालयको प्रयोगपछि गर्नुपर्ने पहिलो काम भनेको साबुन पानीले हात धुने र साबुन नभएमा खरानी पानीले धुनुपर्ने कुराहरू पनि विभिन्न सञ्चार श्रोतहरूमार्फत् जस्तैः टिभी, रेडियोबाट प्रचारप्रसार गर्ने गरिएको छ । अझै पनि शौचालय प्रयोग गरिसकेपछि पानी हाल्नुहोला, सफा गर्नुहोला भन्नेजस्ता सन्देशहरू सार्वजनिक शौचालयहरूमा लेखिएको पाइन्छ, यस अर्थमा शौचालय प्रयोग पनि एउटा सभ्यता हो जुन हामीले अवलम्बन गर्न जरुरी छ ।

अझै पनि संसारभर लगभग अढाई करोड मान्छेहरूले शौचालय प्रयोग नगरेको तथ्याङ्क छ । करिब १० जनामध्ये एक जना संसारको मान्छेले अझै पनि शौचालयमा शौच गर्ने विकल्प नपाएको विश्व स्वास्थ्य सङ्गठनको सन् २०१५ को सर्वेक्षणले देखाएको छ । नेपालमा बिस्तारै घरघरमा शौचालयको दैनिक प्रयोगमा वृद्धि हुन थालेको भए पनि बढ्दो सहरीकरणको नमूना जिल्लाहरूमा नगर बिस्तारका सोचहरूमा सार्वजनिक शौचालय किन प्राथमिकतामा पर्दैन, भएको किन उचित सरसफाइ तथा व्यवस्थापन छैन ? यसतर्फ सबै निकायहरुले बेलैमा ध्यान दिँदै शौचालय व्यवस्थापनमा सक्रियता देखाउनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर ९ गते शुक्रबार २५ नोभेम्बर २०२२ । मंसिर द्वितीया शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:३४, सूर्यास्त ५:७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापार राम्रो चल्नेछ | **तुला** | : आत्मविश्वास बढ्नेछ |
| **वृष** | : मीठो खाने अवसर मिल्नेछ | **वृश्चिक** | : आफन्तको सहयोग मिल्नेछ |
| **मिथुन** | : घर परिवारमा मेलमिलाप हुनेछ | **धनु** | : मान, प्रतिष्ठा बढ्नेछ |
| **कर्कट** | : मनमा शङ्का बढ्नेछ | **मकर** | : कार्यमा सफलता मिल्नेछ |
| **सिंह** | : सञ्चित धन खर्च हुनेछ | **कुम्भ** | : सहमतिका कार्यहरु हुनेछन् |
| **कन्या** | : आफन्तले कुरा काट्नेछन् | **मीन** | : नयाँ कार्य सम्पन्न हुनेछ |

# यो चुनावी नतिजा मध्यम वर्गको विद्रोह



जीवन क्षेत्री

*पुराना र ठूला पार्टीसामू अहिले राम्रो वा मतदाताको मन जित्ने काम गर्ने मात्रै हैन, त्यसलाई सर्वत्र बिक्ने गरी प्याकेजिङ र वितरण गर्ने चुनौती छ । हैन भने आगामी चुनावमा उनीहरूको हालत योभन्दा खराब होला, राम्रो हुने देखिँदैन ।*

कोभिडको पहिलो लकडाउन जारी थियो । सबैलाई फुर्सदै फुर्सद थियो । त्यही फुर्सद र छटपटीका बेला पोडकास्टर बनिटोपलेर दाइ इन्द्र र म भरतपुरस्थित लेखक सरिता तिवारीको घरमा पुगेका थियौं । ४० मिनेट लामो कुराकानीमा तत्कालीन परिस्थिति बारे तिवारीको सटिक विश्लेषण थियो: अवस्था जति सुकै कठिन वा प्रतिकूल भए पनि परिवर्तन र प्रतिरोध अवश्यम्भावी छ, तर ठूला राजनीतिक पार्टीहरू यस्तै कुकृत्यमा लागिरहने हो भने अबको परिवर्तन उनीहरूकै नेतृत्वमा हुन्छ र राम्रैका लागि हुन्छ भन्ने छैन । यदि कुनै संगठन नै आयो र अहिलेको विश्रृङ्खलित खालको विद्रोहलाई एउटा श्रृङ्खलामा ल्याइदियो भने उसले कुनै पनि बेलामा परिस्थितिलाई आफ्नो पक्षमा पार्न सक्ने सम्भावना छ ।

### १. मध्यम वर्गको तेस्रो विद्रोह

२०६४ मा भएको शान्ति सम्झौतापछिको पहिलो आम निर्वाचनमा नेपालको 'स्विङ भोट' का रुपमा रहेको मध्यमवर्गको उल्लेख्य हिस्साले माओवादीलाई मत दियो । नियत थियो: माओवादीलाई संसदीय व्यवस्था अन्तर्गत सत्ताको चास्नी चटाएर फेरि जंगल फर्कनबाट रोक्नु । त्यसो नभएको अवस्थामा माओवादी पार्टीमा सशस्त्र युद्धको धङधङी अरु लामो समयसम्म रहन सक्थ्यो र देशमा शान्तिको ग्यारेन्टी नहुन सक्थ्यो ।

दशकभर उसैबाट पीडित महसुस गरेका मध्यम वर्गका लागि माओवादीलाई चुनाव जिताएर शान्तिपूर्ण राजनीतिमा राखिराख्ने त्यो रणनीति कुनै विद्रोहभन्दा कम थिएन। संविधान सभाको दोस्रो चुनावसम्म आउँदा नेपालको पहाडी क्षेत्रको मध्यम वर्ग संघीयताको मुद्दाप्रति उदासीन र समावेशिताको मुद्दाप्रति सशंकित भइसकेको थियो । त्यसैले त्यो वर्गका धेरैले त्यही चुनावदेखि माओवादीलाई मत दिएनन् र काँग्रेस-एमालेको वर्चस्व फर्कियो । भलै पुराना दलतिर मतदाताको फिर्ती कुनै विद्रोह थिएन ।

२०७२ मा नयाँ संविधान बनेर २०७४ मा नयाँ व्यवस्थाको पहिलो आम चुनाव आउने बेलासम्म मध्यम वर्गको उल्लेख्य हिस्साका लागि 'राष्ट्रियता'को मुद्दा प्रधान बनेर आयो ।

ओलीको नाकाबन्दीकालीन राष्ट्रवादी छवि तबसम्म कायमै थियो । त्यसमाथि एमाले-माओवादी एकीकरणको घोषणासँगै स्थिर सरकारले गर्ने तिलस्मी विकासको भाष्य नेपालको मध्यमवर्गमा हावी भयो । ०६२-०६३ को आन्दोलनमा जोड जोडले उठेका र २०७२ को संविधानमा समेटिन पुगेका संघीयता, समावेशिता र धर्म निरपेक्षताजस्ता एजेण्डाप्रति ओलीको बलियो सरकारले प्रहार त गरेन तर उदासीनता भने देखायो ।

'अब विकास नै एक मात्रै एजेण्डा' भन्ने ओली सरकारको भाष्य, जहाँ सामाजिक न्यायको कुरा गर्नु समयको बर्बादी थियो र माइतीघरमा उभिनुसम्म अवैध थियो, त्यसमा गोलबद्ध हुनु नेपालको मध्यम वर्गले २०६४ को चुनावपछि गरेको दोस्रो कोल्टो फेराइ वा विद्रोह थियो । तर जब महामारीले नेपाललाई हान्यो र मानिस बेड नपाएर तड्पिँदै मरिरहँदा विकासको संवाहक ओली सरकारका मन्त्रीहरू कोभिडको परीक्षण किटदेखि पिपिइसम्ममा करोडौंको कमिसन असुल्न लागी परेको भन्ने समाचारहरू आए, मध्यम वर्गको ओली सरकारसितको मोह भंग भयो ।

चुच्चे नक्साले कृत्रिम रूपमा राष्ट्रवादको 'डोज' थपिरहँदा पनि त्यसले काम गरेन । सामाजिक न्यायलाई बिर्सेर ओलीजस्ता नायकलाई सत्ता सुम्पेपछि विकास भइहाल्छ भन्ने मान्नु एउटा कुरा थियो, भयावह महामारीका कारण आफन्तको बिजोगपूर्ण मृत्यु हेर्नु वा जीविका गुमाउनु बिल्कुलै फरक कुरा थियो । त्यसैले यो चुनाव आउँदै गर्दा नेपालको मध्यम वर्ग तेस्रो विद्रोहका लागि आतुर थियो । नतिजा अब हाम्रा सामू छ ।

### २. विचारको 'तपसिलीकरण'

राष्ट्रिय स्वतन्त्र पार्टीको चुनावी घोषणापत्र र विधान हेर्‍यो भने प्रष्ट हुन्छ: उक्त पार्टीको अहिलेसम्म घोषित विचार, सिद्धान्त वा दर्शन छैन । छ भने त्यो गोलमटोल छ ।त्यसका दुई अर्थ हुन सक्छन् । धेरै सम्भावना छ, कुनै बेला रवीन्द्र मिश्रले झैं रवि लामिछानेले पनि पार्टीका लागि साँचेको विचार छपक्क छोपेर राखेका छन् र कुनै बेला फुत्त बाहुलाबाट निकाल्ने छन् । पार्टीका तर्फबाट चुनाव जित्ने लगायत त्यसमा आबद्ध सबैका लागि त्यो विचार एक दिन 'फेयट आकम्प्लि' हुनेछ: मन परे पार्टीमा बस, नपरे निस्क ।

विश्लेषकहरू आशंका गर्छन्, त्यसरी फुत्त निस्कने विचारमा भारतमा मौलाएको जस्तो केसरी रङको प्रधानता हुन सक्नेछ र रवीन्द्र मिश्रबाट फत्ते हुन नसकेको काम रवि लामिछानेबाट हुनेछ । व्यक्तिगत रूपमा म भने कुनै अनुमान लगाउने भन्दा पनि पर्खेर हेर्ने मनसायमा छु । कम सम्भावना छ: पार्टीमा विभिन्न पृष्ठभूमिबाट आएर जोडिएका युवाहरूले मिलेर यसका लागि विचार निर्माण गर्नेछन् ।

तर जेसुकै भए पनि यो चुनावभर विचार तपसीलमा धकेलिएको छ र मतदाताले पार्टीलाई किन वा 'खै विचारु' भनेर सोधेका छैनन् ।

### ३. नायक वा मसिहाको खोजी

रविले कुनै बेला टेलिभिजनको क्यामेरा अगाडि आफैं वकिल र न्यायधीश बनेर निसाफ दिन्थे । उनको लोकप्रियता पछाडिको एउटा मुख्य कारण त्यो हो । उनी त्यस हिसाबले लोकप्रिय हुनुमा सबैभन्दा मुख्य कारण भने भ्रष्ट, अक्षम र चरम् दलीयकरणले ग्रस्त नेपालका प्रहरी, निजामती र न्यायसेवा हुन् जसमा हुनेहरूले आफैं नागरिकहरूको विश्वास गुमाएका कारण मानिसहरू टेलिभिजनको पर्दामा न्याय खोज्ने अवस्थामा पुगेका हुन् ।

नेपालको राजनीतिमा यसै गरी मसिहा बनेर उदाउने प्रयास गरेका रवीन्द्र मिश्र यो चुनावमा पनि सय चानचुन मतको झिनो अन्तरले काठमाडौं-१ बाट पराजित भएका छन् । तर उनमा नभएको 'करिज्मा'सहित राजनीतिमा प्रवेश गरेका रवि भने सक्रिय राजनीतिम हाम फालेको केही महिनामै आफ्नो पार्टीलाई राष्ट्रिय राजनीतिक दल बनाउने हैसियतमा पुगेका छन् । त्यसको एउटा प्रमुख कारण आम मानिसको निरन्तर नायक खोज्ने प्रवृत्ति हो । त्यो अस्वभाविक वा नेपालका लागि विशिष्ट कुरा हैन । भ्रष्ट र अक्षम व्यक्तिहरूका कारण पद्धतिमाथि विश्वास उठेपछि अक्सर मानिसले कुनै चामत्कारिक व्यक्तिमा आफ्नो प्रगति वा मुक्ति खोज्छ ।

मलाई लाग्छ, जनताले मसिहा खोज्नु र कुनै व्यक्ति मसिहा बनेर आउनुले यस खाले चुनावमा सफलता सुनिश्चित गर्छ तर 'डेलिभरी'को सुनिश्चितता गर्दैन । यसरी उदाउने नेताहरूले फिलिपिन्सका रोद्रिगो दुतेर्ते, अमेरिकाका डोनाल्ड ट्रम्प वा नेपालका रवीन्द्र मिश्रले झैं जटिल समस्याहरूको सरल समाधान खोजे, यथार्थलाई आफ्नो स्वार्थ अनुसार व्याख्या गर्न खोजे भने त्यसले समाजलाई दुर्घटनातिर धकेल्छ । फ्रान्सका इम्यानुयल म्याक्रोंले झैं आदर्श र यथार्थबीच तारतम्य मिलाउन सके भने त्यसले चमत्कारै नगरे पनि समाजलाई अघि बढाउँछ र दुर्घटनाबाट बचाउँछ ।नेपालमा रास्वपाले कुन बाटो लिन्छ, त्यो आगामी दिनमा छर्लंग हुनेछ ।

### ४. ठूला दललाई पाठ: बदलिऊ वा नाश होऊ

पछिल्लो चुनावको मत हेरेर अबको चुनावमा आफ्ना सम्भावित सिट गन्ने पार्टीहरूले अझै बुझ्न सकेका छैनन् उत्तरआधुनिक युगमा चुनावको नतिजा इतिहास वा उम्मेदवारको 'ट्र्याक रेकर्ड'ले कम र टिकटक, फेसबुक र ट्वीटर जस्ता कम्पनीका शक्तिशाली अल्गोरिदमहरूले बढी गर्छन् । जो ती सञ्जालमा जति 'भाइरल' हुन सक्छ, उसको मत पाउने सम्भावना पनि उत्तिकै हुन्छ । त्यसमाथि, अघिल्लो चुनावपछिको 'ट्र्याक रेकर्ड' पनि खत्तम, अहिलेका मतदाताको नाडी छाम्ने क्षमता पनि खत्तम अनि सञ्जालमा सन्देश निर्माण र प्रवाह पनि खत्तम भएपछि त्यस्ता उम्मेदवार र पार्टीको अबका चुनावमा कुनै सम्भावना नै रहँदैन ।

त्यसैले पुराना र ठूला पार्टीसामू अहिले राम्रो वा मतदाताको मन जित्ने काम गर्ने मात्रै हैन, त्यसलाई सर्वत्र बिक्ने गरी प्याकेजिङ र वितरण गर्ने चुनौती छ । हैन भने आगामी चुनावमा उनीहरूको हालत योभन्दा खराब होला, राम्रो हुने देखिँदैन । अन्तमा यसपालि मतदान केन्द्र पुगेर विद्रोह गरेका मतदाताहरुको मनोविज्ञानलाई राष्ट्रिय मानव अधिकार आयोगकी पूर्व सदस्य मोहना अन्सारीले गरेको यो ट्वीटले सटिक रुपमा समेट्छ ।

(साभार:अनलाइनखबर)

# जनमतमा अभिव्यक्त 'विकल्पको खोजी'



मनिकर कार्की

भर्खरै सम्पन्न आम निर्वाचनमार्फत मतपेटिकामा अभिव्यक्त जनमतको गणना जारी छ । देशव्यापी रूपमा जारी मतगणनाको प्रारम्भिक दृश्य अनुसार जनताले विकल्पको खोजी गरिरहेको प्रतीत हुन्छ । पारम्परिक दलहरूको गलत रवैया अनि देश र जनताप्रतिको जवाफदेहीविमुख र ाजनीतिले जनतामा पुराना दलहरूप्रति वितृष्णा बढ्दै गएको देखिन्छ । तथापि अबको केही दिनभित्र निर्वाचनको अन्तिम मतपरिणाम आएपछि मात्रै मुलुकको राजनीतिले कुन दिशा ग्रहण गर्छ भन्ने अनुमान गर्न सकिन्छ ।

लोकतन्त्रलाई बलियो, विश्वसनीय बनाउने अभ्यासले नै हो । जति धेरै लोकतान्त्रिक प्रक्रिया अभ्यासमा आउँछ, उति नै लोकतन्त्रप्रति जनताको विश्वास बढ्दै जान्छ । अनि चुनावी प्रक्रियाले ताजा जनादेश पाउनुका साथै दल र जनप्रतिनिधिमा पनि केही हदसम्म फेरबदल ल्याउँछ । आवधिक रूपमा हुने निर्वाचनले ताजा जनादेशसहित लोकतन्त्रलाई क्रियाशील बनाउँदछ । यसले लोकतान्त्रिक संस्थाहरूको निर्माण गर्नुका साथै राज्य संचालनमा नागरिकको प्रतिनिधित्वलाई पुनर्ताजगी गरिदिन्छ । यस्तो अभ्यासले नै राज्य र नागरिकबीचको करारलाई अद्यावधिक गरिदिन्छ ।

यसपटक चुनावमा जनता साँच्चिकै जागेको देखियो । सधैं दलीय आशा र भयमिश्रित प्रभावमा पर्ने जनता यसपटक निर्भयपूर्वक मतदानमा उत्रिएको देखियो । किनकि धेरैको अनुमान विपरित जनताले पुराना पार्टीहरूको दलीय अहंकार र लोकतन्त्रका नाउँमा हुने मनपरीतन्त्रलाई अस्वीकार गरिदिए । राजनीतिक दल र तिनका नेतृत्वले स्थापित गरेका 'डनतन्त्र' र 'धनतन्त्र'लाई रिजेक्ट गरिदिएका छन् । जनताले मतमार्फत दलकै विकल्पको खोजी गरेका छन् । त्यस सवालमा यसपटकको निर्वाचनले जनस्तरबाट नयाँको खोजी गरेको आकलन गर्न सकिन्छ ।

### अस्वीकृत 'गठबन्धन' राजनीति

आवधिक निर्वाचन लोकतन्त्रको आधार हो । लोकतन्त्रमा आवधिक निर्वाचनले नै लोकतान्त्रिक पद्धतिलाई स्थापित गर्ने काम गर्दछ । लोकतन्त्रको विश्वसनीयता पनि यसको अभ्यासमै हुने हो । जनताले आफ्ना असन्तुष्टि अभिव्यक्त गर्ने ठाउँ पनि निर्वाचन नै हो । यसपटकको निर्वाचनमा निर्वाचन आयोगको प्रारम्भिक तथ्यांक अनुसार ६१ प्रतिशत मात्रै मत खसेको जनाएको छ । यो विगतको निर्वाचनको तुलनामा कमै हो ।

निर्वाचनका दिन मतदान केन्द्रहरूमा जुन उत्साह देखिनुपर्दथ्यो, त्यो देखिएन । जनता निराश र उदासीन देखिए । उनीहरूले न त दलीय आस्था अनुसार अफ्ना पार्टीका उम्मेदवारलाई नै मतदान गर्न पाए, न व्यक्ति नै रोज्न पाए । राजनीतिक दलहरूले चुनावी श्रेष्ठता हासिल गर्न भन्दै अंगीकार गरेको गठबन्धन राजनीतिले दलहरूको छुट्टै पहिचान र अस्तित्व नै देखिएन । फरक राजनीतिक विचार, दृष्टिकोण र पृष्ठभूमि भएका दलहरू गठबन्धनको माखेसाङ्लोमा पर्दा उनीहरूले आफ्ना कुरा विश्वसनीय ढंगबाट पुऱ्याउन सकेनन् ।

परिणामस्वरूप कतिपय मतदाताहरूले मतदान केन्द्रमा लाइन लागेर मतदान गर्न नै जाँगर गरेनन् । गएकाहरू पनि उत्साहित देखिएनन् । आखिर किन ? यसको मुख्य कारण भनेकै राजनीतिक दलहरूले गरेको असंगतिपूर्ण व्यवहार हो । जनताको अभिमतलाई नै बन्धक बनाउने शैलीमा जसरी दलहरू चुनावी गठबन्धन र तालमेलमा उत्रिए, त्यसले जनताप्रति निराशा छाएको देखियो । जनतामा निर्वाचनले उत्साह नै भर्न सकेन ।

निश्चित रूपमा आवधिक निर्वाचनले लोकतन्त्र र लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउने र मुलुकको शासन संचालनको लागि ताजा जनादेश प्राप्त गर्ने बाहेक कुनै भाष्य हुँदैन । तर, सत्ताधारी दलहरूको गठबन्धनले जबर्जस्त रूपमा कथित 'अग्रगमन' र 'पश्चगमन'को जडौरी भाष्य स्थापित गर्न खोजे । जुन सही साबित हुन सकेन । अनि सधैं सत्ता र शक्तिको आडमा तिनै दल र नेतृत्वले आफूलाई परिवर्तनकामी, अग्रगामी र अब्बल ठान्ने ठालू प्रवृत्तिलाई पनि जनताले रुचाएनन् ।

एकले अर्कोलाई हिलो छ्यापेर दलहरूले अफ्नो वर्चस्ववादी सत्ता राजनीतिलाई यथागत राख्न गरेको विना शूरतालको चुनावी गठबन्धनलाई पनि जनताले रुचाएनन् । सधैं उही अनुहारले गर्ने तिनै स्टेरियो टाइपवाला कुरा पनि रुचिकर मानेनन् । त्यसमाथि विगतका कालखण्डहरूमा राजनीतिक दलहरूले गरेका गतिविधि र उनीहरूको उच्श्रृङ्खल शैलीको राजनीतिले जनता दिक्क भए । सत्तामा पुग्न मरिहत्ते गर्ने प्रवृत्ति, आफ्नाहरूलाई नै शासनसत्तामा पुऱ्याउने र राज्यको ढुकुटीमाथिको मिलिभगतको ब्रह्मलुट, उम्मेदवारी चयनमा देखिएको नातावाद, कृपावाद, परिवारवाद र फरियावादको नाङ्गो नाचबाट जनता निराश बने ।

राजनीतिक परिवर्तनपछिको एक दशकमा देखा परेको राजनीतिक विच्छृंखलता र शासनसत्तामा बढ्दै गएको मनपरीतन्त्र, भ्रष्टाचार, आर्थिक संकट, महँगीका कारण संकटग्रस्त अवस्था, शासन प्रशासनमा देखापरेको आर्थिक अपारदर्शिता र खर्चिलो प्रशासन संयन्त्रसमेत नियालेका जनताले यसपटक ठूला दलहरूबाट मोह भंग गर्दै मत बदले । अनि जनतालाई सधैं भ्रम र भयको भूलभुलैयामा राखेर राजनीति गर्ने कथित ठूला पार्टीका बड्कावाला नेताहरूको झुत्रे रणनीति पनि जनताले बुझे । अब जनता नेताहरूका पुरानै ढर्राका कुरा अनि उही विरासतकै निरन्तरताका पक्षमा पनि देखिएनन् । विचार, सिद्धान्त, निष्ठा र राजनीतिक कार्यदिशालाई एकातिर थन्क्याएर केवल चुनावी मतपरिणामलाई आफ्नो पक्षमा पार्न गरिएका चुनावी गठबन्धनको भ्रामक प्रचारमा जनता झुक्किन चाहेनन् । त्यसैले निर्वाचनमार्फत जनताले भद्र अवज्ञा गरिदिए ।

### अविश्वसनीय दलीय प्रतिबद्धता

चुनावी प्रचार अभियान चल्दै गर्दा राजनीतिक दलहरूले धेरैथरी प्रतिबद्धता जनाउन पुगे । दलहरूले आफ्ना घोषणापत्रहरूमा विगतदेखिकै विकास र समृद्धिको साहित्यलाई थप लालित्यमय ढंगबाट प्रस्तुत गरे । जनतालाई धेरै कुरा दिने वाचा पनि गरे । रेल, पानीजहाजदेखि निःशुल्क शिक्षा, स्वास्थ्य सेवा, खानेपानी र बिजुलीसम्म उपलब्ध गराउने वाचा गरे । वृद्धवृद्धालाई भत्ता बढाउनेदेखि उमेर घटाउनेसम्मका प्रस्तावहरू दलीय घोषणापत्रमा लेखिए ।

शहरबजारमा मेट्रो र मोनोरेल गुडाउनेदेखि डाँडाकाँडामा केबलकार झुण्ड्याउनेसम्मका योजना सुनाए । अर्थतन्त्र सुधार्नेदेखि आम्दानी बढाउनेसम्मका घोषणा गरे । बैंकको ब्याज घटाउनेदेखि किसानको प्याज बेच्नेसम्मका योजना अघि सारे । के दलका सबै घोषणा संभाव्य छन् ? निश्चित रूपमा दलहरूका चुनावी घोषणापत्र पढ्दा राजनीतिक नेतृत्वमा आर्थिक साक्षरता (इकोनोमिक लिटरेसी) को अभाव देखिन्छ । किनकि घोषणापत्रले घोषणा कार्यान्वयन गर्ने कार्ययोजना पेश गरेको छैन ।

हाम्रो अर्थतन्त्र र स्रोतले धान्ने योजना के हो ? उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने योजना के हो ? हामीलाई चाहिएको विकास कस्तो हो ? जनताको अवस्था कसरी बदलिन्छ ? बढ्दो भ्रष्टाचार र अनियमितता कसरी न्यूनीकरण गर्न सकिन्छ ? हाम्रा आधारभूत आवश्यकता र प्राथमिकता के हुन् ? यी यावत् विषयहरू यथोचित ढंगबाट सम्बोधित हुन सकेका छैनन् ।

यदि साँच्चिकै मुलुकको अर्थ-राजनीतिक रूपान्तरण गर्ने हो भने घोषणा हैन, जनताको अवस्था बदल्ने सूक्ष्म अर्थ-राजनीतिक कार्यदिशा अवलम्बन गर्न जरूरी हुन्छ । तर, राजनीतिक दलहरूका घोषणापत्रमा त्यस्ता आर्थिक, सामाजिक रूपान्तरणका कार्ययोजना नदेखिंदा जनताले दलीय घोषणालाई केवल चुनावी नारा ठाने र त्यसप्रति कुनै जिज्ञासा र कौतूहल देखाएनन् । बरु पुरानाले गर्ने कुरै रहेछ भन्दै, आक्रोश र अविश्वासको मत अन्यत्र हालिदिए ।

### पुराना अनुहारप्रतिको वितृष्णा

मतगणनाको प्रारम्भिक परिणाम विश्लेषण गर्दा जनता आफूलाई वर्षौंदेखि शासन गरिरहेका शासकहरूको अनुहारबाट समेत मिच्छिएको अनुभूति हुन्छ । शासन सत्ता र प्रतिपक्षीमा रहेका राजनीतिक दलहरू सबैजसो पुरानो भए । जसरी प्रविधिको फङ्कोसँगै पुराना जिनिसहरू निकम्मा हुन्छन्, नेतृत्वमा पनि त्यो अवधारणा लागू हुने रहेछ । एउटै व्यक्ति १५/२० वर्षसम्म कुनै न कुनै रूपमा शासन सत्तामा रहिरहँदा उसबाट केही नयाँ सोच, दृष्टिकोण र विचारको अपेक्षा गर्न सकिंदैन । जनताले यो कुरालाई यसपटक व्यवहारबाटै पुष्टि गरिदिए । दलहरूभित्र रहेका युवाहरूले राजनीतिमा पुस्तान्तरणको आवश्यकताको पैरवी गरिरहँदा उनीहरू दलीय घेराबाट बाहिर निस्केर विकल्प बन्न सकेनन् । दलीय संरचनाले जो-कोहीलाई सहजै बाहिर निस्कन पनि दिंदैन । किनकि पार्टी छाडेपछि राजनीतिमा गरेको लगानी शून्य हुन जाने भयकै कारण पार्टी बाहिर निस्किएर जनताको मनमनै गुम्सिएको प्रतिरोधको ज्वाला ठम्याउन सकेनन् ।

निःसन्देह मुलुकलाई यो अस्तव्यस्ततामा लैजाने मुख्य जिम्मेवारी राजनीतिक नेतृत्वले नै लिनुपर्छ । राजनीतिक परिवर्तनपछिको व्यवस्थापनमा उनीहरू चुके । जनतालाई परिवर्तनको लाभांश दिनुपर्ने राजनीतिबाट विमुख मात्र भएनन् उनीहरू आफ्नै लुटखसौटको स्वर्ग बनाउन तल्लीन देखिए । यो त्यही अवधि हो जुन अवधिमा अत्यन्तै गम्भीरताका साथ मुलुकमा संस्थाहरूको निर्माण गर्नुपर्दथ्यो तर, भएका संस्थाहरूलाई निकम्मा बनाइयो । लोकतन्त्रलाई बलियो बनाउनुको साटो सत्ता-संघर्षमा निर्लिप्त हुनपुगे । राजतन्त्रकालीन अवस्थादेखि आजसम्म पनि तिनै व्यक्तिले शासन गरिरहँदा जनताले व्यक्तिको फरकपनाको स्वाद नै लिन पाएनन् । सरकार भन्नु नै राज्यको ढुकुटी बाँडफाँटमा बसेको सरदार जस्तो भइदियो । सरकार कहीं कतै देखिएन, सुनिएन ।

(बाँकी ३ पेजमा....)

# हिमेश पन्त भन्छन् मान्छेहरूको चेतना स्तरमा अझै सुधार आएको छैन




प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन- २०७९ को मत परिणाम आइरहेको छ। निर्वाचनमा कलाकारहरूले पनि उम्मेदवारी दिएका छन्। तर कलाकारहरूलाई मत परिणाममा अग्रता लिन नै सकस देखिएको छ।


कमेडियन हिमेश पन्त धादिङ क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार छन्। पछिल्लो मतगणना अनुसार उनी तेस्रो स्थानमा छन्।

१३ हजार ६०८ मत पाउँदै नेकपा एकीकृत समाजवादीका उम्मेदवार राजेन्द्रप्रसाद पाण्डे पहिलो स्थानमा छन् भने १२ हजार ६२८ मत पाउँदै भूमिप्रसाद त्रिपाठी दोस्रो स्थानमा छन्। कमेडियन पन्तले ४ हजार४४३ मत पाएका छन्।

यसै क्रममा कमेडियन हिमेश पन्तले मतदाताको चेतना स्तर सुधार आउन नसकेको टिप्पणी गरेका छन्। उनले फेसबुकमा स्टाटस लेख्दै उक्त टिप्पणी दिएका हुन्।'करोडौं करोड खर्च गरेर चुनाव लड्नेहरूसँग २/४ लाख खर्च गरेर चुनाव लड्नु कुनै जोक होइन। धादिङ क्षेत्र नं १ मा ५ वटा गाउँपालिका र १ ओटा नगरपालिका छ। हाइवे लाइन र नगरपालिकामा बुझ्ने मान्छे भए तापनि पहाड, गाउँ र लेकका सबै मान्छेहरूको चेतना स्तरमा अझै सुधार आएको छैन,' उनले लेखेका छन्।उनले कुनै पैसा या संगठन बिना आफूले भोट पाएको उल्लेख गर्दै लेखेका छन्, 'निर्वाचन आयोगले दिएको १२/१३ दिनको प्रचार-प्रसार मा ५३ वटै वडामा पुग्नु असम्भव मात्रै हैन अकल्पनीय थियो। म यति भन्न सक्छु हामीले ल्याउँदै गरेको भोट मासुभातको बदलामा आएको भोट होइन, पैसाले किनेको भोट होइन र कुनै डर-धम्कीबाट आएको भोट होइन।

बिना-संगठन, बिना गठबन्धन, बिना पैसा, बिना अनुभव मुख्यमन्त्री राजेन्द्र पाण्डेसँग भिड्ने दम कुनै युवामा थियो ? सिन्डिकेट तोडिएको छ, यो एउटा सुरुवात हो। जग हाल्ने कामको थालनी भएको छ। हाम्रो सम्मानित मत आउँदै गर्दा जनता झुक्याएर सत्तामा पुग्नेहरूको मनभित्र ढ्यांग्रो बजेको छ। यही नै हाम्रो ठूलो उपलब्धि हो।' *-सेटोपाटीबाट*

# निर्माता छविराज ओझाले अब बिहे नगर्ने



निर्माताको रुपमा अत्यन्त सफल छविराज ओझाको वैवाहिक जीवन भने उतार-चढावपूर्ण छ । जेठी श्रीमती गिताञ्जली सुनुवारको निधनपछि छविले हेमा ओझासँग दोस्रो विवाह गरेका थिए । हेमाबाट एक सन्तान भएपछि उनीहरुको सम्बन्ध बिग्रियो । त्यसपछि ओझाले रेखा थापासँग तेस्रो विवाह गरे । रेखासँग पनि उनको सम्बन्ध टिकेन । त्यसपछि उनले शिल्पा पोखरेललाई घर भित्राए ।

विवाह बन्धनमा बाँधिएर एउटै घरको छतमुनि बस्न थालेको वर्षौं भइसके पनि छवि र शिल्पाले आफ्नो फिल्म रिलिजको बेला फन्डा गर्न बिहेको कुरा लुकाएर राखेका थिए । तर, जब शिल्पाले २०७६ सालमा प्रहरी कार्यालयमा छविविरुद्ध घरेलू हिंसाको आरोपमा उजुरी दिइन् तब मात्र उनीहरुको बिहे भइसकेको कुरा छताछुल्ल भयो । त्यसयता छवि र शिल्पा अलग-अलग बस्दै आएका छन् ।

एउटा घरजम टुट्नसाथ अर्को विवाह गरिहाल्ने छवि चौंथो घरबार पनि बिग्रिएपछि अब विवाह नगर्ने मनस्थितिमा छन् । बुधबार ५८ वर्षको जन्मदिन मनाउने क्रममा उनले अब विवाह नगर्ने घोषणा नै गरे । पत्रकार अनुप भट्टराईले ओझाको बर्थ-डे सेलिब्रेसन फेसबुकमा लाइभ गर्ने क्रममा एक व्यक्तिले विवाहको बारेमा सोधेको प्रश्नमा उनले हाँस्दै भने, 'अब विवाह कहिल्यै खाना पाइन्न ।'

अर्का एक व्यक्तिले प्रतिनिधिसभामा रेखा थापाको कमजोर मत परिणामबारे जिज्ञासा राख्दा ओझाले रेखालाई नआत्तिन आग्रह गरे । उनले भने, 'जित र हार भन्ने कुरा भइरहन्छ । त्यसबाट आत्तिनु हुन्न । फिल्मबाट उहाँ राजनीतिमा जानुभएको छ । राजनीतिमा ग्राउन्ड लेभलबाट अगाडि बढ्दै जानुपर्ने हुन्छ । अबको पाँच वर्षपछिका लागि उहाँले ग्राउन्ड लेभलबाट आफूलाई तयार गर्नुपर्छ ।'त्यस्तै, अर्का एक व्यक्तिले रा.स्व.पाका सभापति तथा पूर्व पत्रकार रवि लामिछानेको जीवनीमाथि फिल्म बनाउन आग्रह गर्दा उनले दर्शकबाट माग आए आफू तयार रहेको बताए । चाँडै ओझा निर्देशक ज्ञानेन्द्र देउजासँग मिलेर नयाँ फिल्म 'जेल ब्रेकर' बनाउँदैछन् । यो फिल्म एक किताबमाथि आधारित भएर निर्माण हुनेछ । जेलको भित्ता तोडेर भाग्ने कैदीको कथामाथि फिल्म बन्न लागेको हो ।

# काठमाडौंमा एक मजदुर कोठामा मृत भेटिए



काठमाडौंमा काम गर्दै आएका एक मजदुर आफ्नै कोठामा मृत फेला परेका छन् । काठमाडौं महानगरपालिका-२६ केशर महलस्थित केशर पुस्तकालय भवनमा ज्यामी काम गर्ने मकवानपुरका ४५ वर्षे गोविन्द परियार आफू सुत्ने कोठामा मृत अवस्थामा फेला परेका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

उक्त घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसैबीच काठमाडौं, चन्द्रागिरि नगरपालिका-४ गोदामस्थित सडकमा चित्लाङ्बाट थानकोटतर्फ आउँदै गरेको बा ८० प ८५४३ नं को स्कुटर अचानक आगलागी भएको छ । आगलागी हुँदा स्कुटर पूर्णरुपमा जलेर नष्ट भएको प्रहरीले आज जनाएको छ ।

"तपाई, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमाः www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# जनमतमा अभिव्यक्त .....

झन् अहिलेका प्रधानमन्त्री यसै पनि विशेषता भनेको समकालीन प्रधानमन्त्रीहरूमा सबैभन्दा धेरैपटक प्रधानमन्त्री हुने व्यक्ति हुनु हो । अनि इतिहासमा अझै पुन: एकपटक प्रधानमन्त्री भएर नाम लेखाउने हुटहुटी साँचेर बसेका छन् । तर, अफसोच यिनै दृश्यहरू जनताको आँखामा बिझ्यो र मतादेशमार्फत 'विकल्प' खोजे ।

***विकल्पको खोजी***

मतगणनाको प्रारम्भिक चरणमै कुनै निष्कर्ष निकाल्नु त्यति वाञ्छित नहोला तर, यसले दिएको स्पष्ट सन्देश भने विकल्पको खोजी नै हो । लोकतन्त्रमा बहुमतको निर्णय मान्य हुन्छ र हुनुपर्छ तर, त्यो सधैंका लागि निरपेक्ष सत्य नै हुन्छ भन्न चैं सकिंदैन । संभवत: यो निर्वाचनमा जनताले पारम्परिक दलहरू र तिनको नेतृत्वप्रतिको आक्रोशलाई अन्य मतको रूपमा अभिव्यक्त गरेको हुन सक्छन् ।

तथापि मतगणनाको सुरुवाती दृश्यले दिएको स्पष्ट सन्देश चैं 'विकल्पको खाजी' नै हो । जनताले विकल्पलाई जनअनुमोदित गरिदिएका छन् । अब त्यो जनअनुमोदनलाई आगामी पाँच वर्षसम्म विश्वासमा लिन सक्छन् कि विगतमा जस्तै अवसान हुनेछ त्यो भने भविष्यकै गर्तमा छ ।

नयाँ दलले यसपटक पाएको जनमतकै कारण उनीहरू 'सही' कहलिँदैनन् । किनकि सही कहलिनका लागि जनमत पाएकाहरूले गर्ने काम हेर्न जरूरी छ । यसपटकको वैकल्पिक शक्तिहरूको उदय (संभवत: शक्तिसहित) पनि त्यही शैलीमा भएकोले यही पाँच वर्षमा यी वैकल्पिकले पनि के कति गर्छन् ? त्यसको लेखाजोखा नभइकन अहिले नै धेरै कुरा अनुमान गर्नु हतारो हुनेछ ।

हाम्रै विगतको अनुभवले पनि के बताउँछ भने २०७४ को निर्वाचनमा वैकल्पिक शक्तिका रूपमा उदाएका साझा पार्टी, विवेकशील नेपाली दल र नयाँ शक्तिले पाएको परिवर्तनमुखी जनमतको कहीं कतै सम्मान हुन सकेन । विकल्पको रूपमा उदाएका शक्तिहरू गएको पाँच वर्षको राजनीतिक उतारचढावमा तितर वितर भए ।आफ्नै अलमल, अकर्मन्यता र अस्पष्ट राजनीतिक कार्यदिशाका कारण ती पाँच वर्षमा धुलिसात् हुनपुगे । अन्तत: ती आ-अफ्नो कुम्लोकुटुरो बोकेर पारम्परिक राजनीतिकै सान्निध्यतामा विलीन भए । र, अहिलेको विकल्प बनेर उदाउँदै गरेका व्यक्ति र शक्तिलाई भने वैकल्पिक राजनीतिको त्यो विगत निकै शिक्षाप्रद हुनसक्छ । यसको एउटै शर्त हो, राजनीतिको जटिल कोर्समा अलमलिनुहुँदैन । यदि अलमलमा परियो भने पनि दायाँ-बायाँ नगरी थपक्कै बस्नुपर्ने रहेछ ।

***अबको कार्यदिशा***

अब मुलुकले अवलम्बन गर्ने राजनीतिक कार्यदिशा कस्तो होला ? यसको अनुमान गर्नुपूर्व अन्तिम चुनावी नतिजा पर्खनै पर्छ । त्यसपछि कुन कुन दलको संयुक्त सरकार बन्नेछ ? कसको नेतृत्वमा सरकार बन्नेछ ? उक्त सरकारको न्यूनतम साझा कार्यक्रम के हुनेछ ? त्यसबाट मात्रै नयाँ सरकारले अवलम्बन गर्ने कार्यदिशा ठम्याउन सकिनेछ ।तथापि चुनावी प्रारम्भिक मतगणनाको दृश्यले देखाएको संकेतले भने अबको राजनीतिक मार्ग उति सहज नभएको अनुभूति हुन्छ । तर, सबैले लोकतन्त्रको आधारभूत मूल्य, मान्यता र प्रक्रियालाई आत्मसात् गरेरै समस्या समाधानको मार्ग अवलम्बन गर्नुको विकल्प भने कसैसँग हुनेछैन ।

पारम्परिक पार्टीहरूले भन्दै आएको राज्यको पुनर्संरचना र समावेशिताको मुद्दा प्रधान हो कि जनताको दैनिकी बदल्ने मुद्दा प्रधान हो ? अब यसको पनि निर्क्योल हुनु जरूरी छ । अन्तत: जनताले खोज्ने आर्थिक रूपान्तरण नै हो । आफ्नो अवस्थामा आउने परिवर्तन नै हो । यसका लागि आर्थिक, सामाजिक र जनजीविकासँग जोडिएका सवालहरूलाई उजागर गर्नु जरूरी हुन्छ ।

त्यसैगरी अहिलेको राजनीतिको पाराडाइम सिफ्टै डेलिभरीको राजनीतितिर सर्दै गइरहेको छ । यसको बदलिंदो आयामलाई आत्मसात् गर्नु बुद्धिमानी हुनेछ । पारम्परिक संसदीय अभ्यास अफापसिद्ध भइसकेको वर्तमान अवस्थामा मुलुकको शासकीय स्वरूपमै परिवर्तन गरी जनताको प्रत्यक्ष मतबाट चुनिने कार्यकारी राष्ट्रपतिसहितको शासकीय स्वरूप अवलम्बन गर्दै गैरसांसदको मन्त्रिमण्डल गठन गर्ने शासकीय स्वरूप ग्रहण गर्नेतिर अग्रसर हुनु सही साबित हुनसक्छ ।समावेशी र सहभागितामूलक लोकतन्त्रको मूल्य र मान्यतालाई आत्मसात् गर्दै राज्यका इकाईहरूलाई संघीय स्वरूपमा पुनर्संरचना गर्दै न्यायालयको संरचना पनि त्यही ढाँचामा बदल्नुपर्दछ । समाजको रूपान्तरणका लागि विकास र समृद्धिका विभिन्न आयाम जस्तै: भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, पर्यावरणीय सन्तुलन, विपद् व्यवस्थापन, संस्थागत विकास एवं सुशासनका अन्तरवस्तुहरू पहिचान गरी तिनको क्षेत्रगत विकासको कार्ययोजना लागू गर्नुपर्ने देखिन्छ । विचाराधीन र हेका अत्यावश्यक ऐन कानुनलाई जारी गरी जनताको आर्थिक, सामाजिक एवं न्यायिक अधिकार सुनिश्चित गर्ने दिशातर्फ ध्यान दिनुपर्छ । सरकारका नीति, कार्यक्रम र बजेटले केवल आशाकै व्यापार मात्रै गरेको छ । यस्तो अवस्थाको अन्त्य हुनु जरूरी छ । भएको ढुकुटी रित्याएर आफ्ना कार्यकर्ता, नजिकका आसेपासे र राज्यसत्तामा पहुँच स्थापित गर्न सक्ने बिचौलियाहरूलाई नै पोस्ने काम अन्त्य हुनुपर्छ । सरकारले विगतदेखि नै कथित लोकप्रियतावादी खास्टो ओढेर जरहेको छ । तर, त्यसले सिर्जना गर्ने बृहत् आर्थिक लाभ र अर्थतन्त्रमा हुने भ्यालु एडिसनबारे कोही कत्ति पनि चिन्तित देखिंदैनन् ।

केही सीमित व्यक्ति र व्यापारिक घरानाका स्वार्थलाई नै राष्ट्रिय स्वार्थको जामा पहिर्‍याइदिएर नीतिगत सुधारको पक्षपोषण गर्ने हल्लडवाज योजनाको अन्त्य हुनुपर्छ । अब जनतालाई रोजगारी सिर्जना गर्ने र आम गरिखाने जनतालाई सहज किसिमले उत्पादनशील क्षेत्रको इलम उद्यम र व्यापार व्यवसायमा संलग्न हुन आकर्षित गर्ने नीति, योजना र कार्यक्रम लागू हुनुपर्छ *(साभार:अनलाइनखबर)*

कतार विश्वकप :

# रंगशालामा मदिरा सेवनमा निषेध गरिएकोमा कोही खुसी, कसैलाई आपत्ति



काठमाडौं/कतारमा जारी विश्वकप फुटबलमा मदिरा प्रतिबन्ध भएकोमा समर्थकले खुसी व्यक्त गरेका छन् । मुस्लिम मुलुक कतारको धर्मलाई सम्मान गर्दै फिफाले मदिरा बिक्री वितरणमा प्रतिबन्ध लगाउनु सही निर्णय भएको उनीहरुले बताएका छन् ।

कतारका अब्दुलला मुरादले छातीमा हात राख्दै कतारले सबै देशका नागरिकलाई विश्वकप हेर्नका लागि स्वागत गरेको बताए । फिफाले विश्व समुदायसमक्ष आफूहरुको धर्मको सम्मान गरेको भन्दै प्रशंसा समेत गरेका छन् ।

कतार विश्वकपमा रंगशालाभित्र मदिरा लैजान प्रतिबन्ध गरिए पनि रेस्टुरेन्ट तथा बारमा भने सेवन गर्न पाइनेछ ।

मुरादजस्ता धेरैले फिफाको यो निर्णयको स्वागत गरे पनि केही फुटबल समर्थकले भने यस्तो निर्णयमा आपत्ति जनाएका छन् । इङ्ल्यान्ड र इरानबीचको पहिलो खेल हेर्न आएका इङ्लिस समर्थकहरुले मदिरा सेवन गर्ने आफ्नो संस्कृतिलाई फिफाले नबुझेको भन्दै आपत्ति जनाएका थिए । कतारमा विश्वकप आयोजना हुनु र फिफाले रंगशालामा मदिरा वितरणमा रोक लगाउनु गल्ती भएको उनीहरुको भनाइ थियो ।

पोर्चुगलका एक फुटबल समर्थकले चिया पिउँदै भने, 'यदि कतारमा विश्वकप आयोजना हुनाले फिफाले यो नियम लागु गरेको हो भने यो फरक कुरा हो ।'

कतारमा आयोजना भएको विश्वकप हेर्न आएकी तीन सन्तानकी आमा सोनिया नेमासले अर्को देशका समर्थकलाई कतारको संस्कृति पछ्याउनु भन्नु भने राम्रो नभएको बताइन् । फुटबलको माहोल भएको घरमा जन्मिएर हुर्किएकी सोनियाले रंगशालामा मदिरा प्रतिबन्ध गर्दा सहज भएको पनि बताइन् । उनले आफू परिवारसँग अबेर रातको खेल हेर्न जाँदा रक्सीले मात्तिएका समर्थकका कारण निकै अप्ठ्यारो हुने गरेको बताइन् ।

तर केही इङ्लिस समर्थकहरुले भने सामाजिक सञ्जालमा खुलेर फिफा र कतारको यस निर्णयमा आपत्ति जनाएका छन् ।

कतारमा शिक्षण पेसा गर्ने अहमद मोहम्मदले मदिराले फुटबलमा रोमाञ्चकता थप्ने इङ्लिस समर्थकहरुको भनाइको खण्डन गर्दै भने, 'त्यसो हो भने मुस्लिम राष्ट्रका मानिसहरुले मदिराबिना नै फुटबलबाट कसरी मनोरञ्जन लिइरहेका छन् त ? फुटबल सबैको लागि हो । मानिसहरु बियर नपिइकन पनि खेलमा रमाइरहेका हुन्छन् ।'

# जापानसँग हार्‍यो जर्मनी



काठमाडौं/विश्वकप फुटबलको पहिलो खेलमा जापानले जर्मनीलाई २-१ गोल अन्तरले हराएको छ । बुधवार भएको पहिलो खेलमा पहिलो हाफमा १-० ले पछि परेको जापानले पुनरागमन गरेको हो ।

जापानका लागि रित्सु दोनाले ७५ औं मिनेटमा गोल गर्दै बराबरी दिलाए । ताकुमा सानोले ८३ औं मिनेटमा गोल गर्दै जापानलाई २-१ गोलको जित दिलाए । यसअघि जर्मनीका लागि खेलको ३३ औं मिनेटमा गुन्डिगनले पेनाल्टी मार्फत गोल गर्दै टिमलाई अग्रता दिलाएका हुन् । आजको खेलमा जित निकाल्दै जापानले ३ अंक जोडेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# क्रोएसिया मोरक्कोसँग बराबरीमा रोकियो



काठमाडौं/कतारमा जारी फिफा विश्वकप फुटबल अन्तर्गत बुधबार भएको समूह एफको खेलमा साविक उपविजेता क्रोएसियाले मोरोक्कोसँग गोलरहित बराबरीमा रोकिएको छ ।

चार वर्षअघि रुसमा भएको विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै फाइनल पुगेको क्रोएसियाले कतारमा भने पहिलो खेलमै अंक बाँड्नु परेको हो ।

अफ्रिकन राष्ट्रविरुद्ध विश्वकपमा यसअघि दुई खेल खेल्दा दुवैमा विजयी भएको क्रोएसियाले मोरोक्को विरुद्ध भने गोल गर्न सकेन ।

अल बायत स्टेडियममा भएको खेलमा दुवै टोलीले गोलका लागि अवसर बनाएपनि सदुपयोग गर्न सकेनन् । खेलमा क्रोएसियाले ६४ प्रतिशत बल पोसेसन राखेको थियो । तर लुका मोडरिचको टोलीले गोल गर्न भने सकेन ।

कतार विश्वकपमा बराबरी भएको यो चौथो खेल हो भने गोल नभएको तेस्रो खेल हो । यसअघि डेनमार्क र ट्युनिसिया तथा पोल्याण्ड र मेक्सिकोबीचको खेलमा पनि गोल भएको थिएन । अमेरिका र वेल्सले १-१ को बराबरी खेलेका थिए ।

# मतपरिणाममा बर्तौलासँग खतिवडा निरन्तर पछाडि

साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ मकवानपुरको राजनीतिमा खेलाडी मानिने विरोध खतिवडा यसपालीको निर्वाचनको मतपरिणाममा निरन्तर पछाडि परेका छन् ।

देशभरबाट उठेकामध्ये कुनै पनि निर्वाचन नहारेका औँलामा गन्न सकिने नेताहरूको सूचीमा रहेका खतिवडालाई यो चुनाव टाउको दुखाई बनेको छ । बिहीवार १ बजेसम्मको मतपरिणाममा विरोध खतिवडा नेकपा एमालेका महेश कुमार बर्तौलासँग ३ हजार ५६ मतान्तरले पछाडि छन् । जब कि गत ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनको मत अनुसार गठबन्धनसँग एमाले करिब २४ हजार मत बढी थियो । तर, खतिवडा मतगणनाको सुरूवाती चरणदेखि नै बर्तौलासँग पछाडि परेका हुन् ।

आज बिहान १ बजसम्मको मत परिणाम अनुसार एमालेका बर्तौलाको मत २७ हजार २ सय ६० थियो । खतिवडाले २४ हजार २ सय ४ ल्याएका थिए । राष्ट्रिय स्वतन्त पार्टीमा भरत पराजुलीको मत ९ हजार ८७ थियो । खतिवडा मकवानपुरको राजनीतिमा यस्ता खेलाडी हुन्, जसले उठेका कुनै निर्वाचन हारेका छैनन् । उनले यसअघिका सबै चुनाव नेकपा एमालेबाट उठेर जितेका थिए ।



तर, आमनिर्वाचन-२०७९ मा भने खतिवडाले एमालेबाटै फुटेको नेकपा (एकीकृत समाजवादी)बाट गठबन्धनको साझा उम्मेदवारका रूपमा चुनाव लडेका हुन् । कहिल्यै चुनाव नहारेका खतिवडाले आफ्नो राजनीतिक यात्राको २२ वर्षपछि एउटा रोचक चुनावी नतिजाको सामना गरिरहनुपरेको छ । मकवानपुरको क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभामा निर्वाचन लडेका उनी २२ वर्षपछि चुनावी मतपरिणामको निरन्तर दोस्रो स्थानमा छन् ।

बुधवार बिहान ८ बजेसम्म ३९ हजार ४ सय ४१ मतगणना हुँदा पनि खतिवडा बर्तौला भन्दा पछाडि नै थिए । जसमा बर्तौलासँग खतिवडा २ हजार २ सय ४५ मतले पछाडि थिए । उक्त मतान्तर बिहीवार १ बजेसम्म आईपुग्दा झन बढेको छ । करिब साढे ३९ हजार मत गन्दा बर्तौलाले १५ हजार ९ सय २ मत प्राप्त गर्दा गठबन्धनका उम्मेदवार पूर्वस्वास्थ्यमन्त्री खतिवडाले १३ हजार ६ सय ५७ मत मात्रै पाएका थिए । बर्तौला र खतिवडा दुवैलाई पछ्याउँदै आइरहेका राष्ट्रिय स्वतन्त्र पार्टीका भरत पराजुलीले ५ हजार ७ सय ७९ मत प्राप्त गरेका थिए ।

२०५६ को निर्वाचनमा उनले यस्तै नतिजाको सामना गर्नु परेको थियो । तत्कालीन सामयमा मकवानपुरमा ३ वटा निर्वाचन क्षेत्र थियो । उनले हेटौँडा उपमहानगर पालिकाका वडाहरू रहेको निर्वाचन क्षेत्र नम्बर २ बाट चुनाव लडेका थिए । खतिवडालाई त्यतिबेलै काउन्टर दिनेमा राप्रपाका दिपकबहादुर सिंह थिए । उनै सिंह हालको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा पनि राप्रपाबाटै उम्मेदवार छन् ।

नेकपा (एकीकृत समाजवादी) केन्द्रीय सदस्य मुनु सिग्देलका अनुसार खतिवडा २०५६ को निर्वाचनमा सिंहसँग चुनावी नतिजामा पछाडि परेका थिए । तर, अन्तिम मतपरिणाममा खतिवडा विजयी भए । उनले त्यसयताका निर्वाचनमा कहिल्यै पछाडि फर्कनु परेको थिएन । तर, त्यसको २२ वर्षपछि भएको निर्वाचनमा खतिवडाको पुरानै नतिजा उल्टिएको छ ।

मकवानपुरमा खतिवडा र बर्तौलाबीच एउटा रोचक प्रतिस्पर्धा नै भइरहेको हो । रोचक यसर्थमा कि बर्तौला खतिवडाका राजनीतिक चेला हुन् भने उनी पहिलो पटक निर्वाचन लड्दै छन् । अहिलेसम्म लडेका निर्वाचन नहारेका खतिवडा भर्सेस पहिलोपटक निर्वाचनमा सहभागी भएका बर्तौलालाई त्योपनि मतमा धेरै भिन्नता रहेको गठबन्धनसँग निरन्तर अग्रता लिईर हनु चानचुने थिएन ।

खतिवडाले मकवानपुर बाट २०४८, २०५१, २०५६ र २०७४ मा गरी चार पटक प्रत्यक्ष निर्वाचन जितिसकेका छन् । उनले २०६४ र २०७० मा भएको पहिलो र दोस्रो संविधानसभा/व्यवस्थापिका संसद्को चुनावमा भने भाग लिएनन् । उनलाई पार्टीले टिकट दिएको थिएन । हालसम्मको जितमा एमालेबाट उठेका उनलाई एमालेबाटै विभाजित भएको पार्टी एकीकृत समाजवादीको नयाँ र पहिलो परीक्षामा सफल हुन्छन् वा विफल त्यसका लागि अन्तिम मतपरिणा कुर्नुको विकल्प छैन ।

विश्वकप फुटबल :

## स्पेनको शानदार जित, कोस्टारिकाको पोष्टमा ७ गोल

साझाकुरा संवाददाता

हेटौंडा, ७ मंसिर/ कतारमा जारी फिफा विश्वकप अन्तर्गत समूह इको खेलमा स्पेनले कोस्टारिकालाई ७-० को फराकिलो अन्तरले पराजित गरेको छ ।

विश्वकपमा स्पेनको यो अहिलेसम्मको सबैभन्दा ठूलो जित हो । साथै यस विश्वकपको पनि यो फराकिलो जित हो ।

अल थुमामा स्टेडियममा बुधबार राति भएको खेलमा स्पेनलाई फराकिलो जित दिलाउने क्रममा युवा खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गरे । फेरान टोरेसले दुई गोल गरेको खेलमा ६ फरक खेलाडीले गोल गरे । फेरानले ३१औं र ५४औं मिनेटमा गोल गरे ।

डानी ओल्मोले ११औं र मार्को असेन्सिओले २१औं मिनेटमा गोल गरेका थिए ।

यस्तै गावीले ७४औं मिनेटमा गोल गरे । १८ वर्षीय गावी विश्वकपमा गोल गर्ने स्पेनको सबैभन्दा कान्छा खेलाडी बने भने समग्रमा पेले र मानुएल रोसासपछि तेस्रो कान्छा खेलाडी बने ।

यतिमै स्पेन रोकिएन । वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेका कार्लोस सोलरले ९०औं र अल्भारो मोराटाले इन्जुरी टाइममा गोल गरेपछि स्पेनले फराकिलो जित निकालेको हो ।

सन् २०१० को च्याम्पियन स्पेनले पहिलो खेलमै फराकिलो जित निकाल्दै उपाधि दाबेदारी पेश गरेको छ । यसै समूहमा रहेको पूर्व च्याम्पियन जर्मनी भने पहिलो खेलमै जापानसँग पराजित भएको छ ।

## इन्द्रसरोवरमा सुमो दुर्घटना, एक जनाको मृत्यु

साझाकुरा संवाददाता




हेटौंडा, ७ मंसिर/ मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा टाटासुमो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

काठमाडौंबाट हेटौंडातर्फ आइरहेको टाटासुमो इन्द्रसरोबरमा दुर्घटनामा परेको हो ।

ना १ ज ४४६६ नम्बर को टाटासुमो इन्द्रसरोबर-२, सल्ले भन्ने स्थानमा सडकबाट २ सय मिटर तल खसेको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले दिएको जानकारीअनुसार दुर्घटनामा परेर १ जनाको मृत्यु भएको छ । चालकसहित सात जना गम्भीर घाइते भएका छन् । गम्भीर घाइतेहरुलाई उपचारका लागि काठमाडौं पठाउने तयारी भइरहेको छ ।


# हार्दिक बधाई तथा शुभकामना





२०७९ मंसिर ४ गते भएको आमनिर्वाचनमा मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ अन्तर्गत् प्रदेशसभा (ख)बाट उम्मेदवार रहनु भएका नेपाली काँग्रेस बागमती प्रदेश सभापति माननीय **श्री ईन्द्रबहादुर बानियाँ**ज्यू तथा बागमती प्रदेश सामाजिक विकास मन्त्री माननीय **श्री कुमारी मोक्तान**ज्यू मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ अन्तर्गत् प्रदेशसभा (ख)बाट लोकतान्त्रिक-बाम गठबन्धनबाट बागमती प्रदेशसभा सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई दिँदै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

हरिकृष्ण महर्जन (संयोजक) एवम्

**लोकतान्त्रिक-बाम गठबन्धन**

हेटौंडा उपमहानगरपालिका वडा नं. १, परिवार



## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**

९८४५०२७०६४/९८५५०६८०३८



**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४



## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पतालमा** बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्चलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**


हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६



आफ्नै उद्योगबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थ अर्डर बमोजिम उपलब्ध गराइन्छ ।

**गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.**

हेटौंडा, मकवानपुर



०५७-५२०४८३, ०५७-५२१९१८, ९८४१५२७००६, ९८४५१०३६१४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना